# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८) काठमाडौं, मंसीर १४ गते २०५५ साल (संख्या ३२


## भाग ३

### श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

खण्ड ४४, अतिरिक्ताङ्क ३४ मिति २०५१।७।८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित निर्वाचन अदालतहरूमध्ये पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतको म्याद पटक पटक नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप भएकोमा सो म्यादसमेत २०५४।७।२७ मा समाप्त भएकोले पूर्वाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतको म्याद त्यसरी समाप्त भएको मितिले पुनः १२ महिना (एक वर्ष) सम्मको लागि थप गर्ने श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
तीर्थमान शाक्य
श्री ५ को सरकारको सचिव

266

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले काठमाडौं महानगरपालिका वडा नं. ४ बस्ने श्री गोविन्द ओझाको इजाजत पत्र नं. १८९ को भन्सार एजेण्टको इजाजतपत्र रद्द गरेकोले भन्सार नियमावली, २०२६ को नियम ३ को उपनियम (७) को प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत रहेको १६,००,००० (सोह्र लाख) क्यू. फि. काठ र टि. सि. एन. सँग मौज्दात रहेको २०,९६,२४८ (बीस लाख छयानब्बे हजार दुईसय अठ्चालीस) क्यू. फि. काठमध्ये ५,००,००० (पाँच लाख) क्यू. फि. काठ आन्तरिक खपतको लागि छुट्याई बाँकी १५,९६,२४८ (पन्ध्र लाख छयानब्बे हजार दुईसय अठ्चालीस) क्यू. फि. काठ तीन महिनाभित्र निकासी गरिसक्नुपर्ने शर्तमा निकासी भन्सार महसुल तीस प्रतिशत मात्र लाग्ने गरी छूट दिने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
प्रमोदकुमार कार्की
सह-सचिव

श्री ५ को सरकार

## पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

श्री ५ को सरकारले "गैर सैनिक हवाई उडान (सिभिल एभिएशन) चौथो संशोधन, २०५३" को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐन २०५५ साल पौष १६ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ।

आज्ञाले,
दीपेन्द्रपुरुष ढकाल
श्री ५ को सरकारको सचिव

268



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।